# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ______________________

   (Name) ______________________

2. (Signature) ______________________

   (Name) ______________________

OMR Sheet No. : ..........................................

(To be filled by the Candidate)

Roll No. | | | | | | | | |

(In figures as per admission card)

Roll No.______________________________

(In words)

**J 3 4 1 2**

Time : $1\ ^{1}/_{4}$ hours]

[Maximum Marks : **100**

Number of Pages in this Booklet : **8**

Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।**

# NEPALI
# नेपाली
## PAPER – II
## प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. Attempt **all** the questions.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** 'अभिहितान्वयवाद' का प्रतिपादक आचार्य को हुन् ?

(A) आचार्य प्रभाकर ।

(B) आचार्य कुमारिल भट्ट ।

(C) आचार्य क्षेमेन्द्र ।

(D) आचार्य नागेश ।

**2.** व्यञ्जना व्यापारका अरु नाऊँ के के हुन् ?

(i) ध्वनन (ii) प्रबोधन

(iii) प्रत्यायन (iv) अभिव्यक्ति

(A) (i), (ii), (iv)

(B) (ii), (iv)

(C) (i), (iii)

(D) (i), (iii), (iv)

**3.** न्यूनतम रूपमा अर्थभेदक भएर देखापर्ने शब्दहरुको जोडालाई के भनिन्छ ?

(A) द्विचरविरोधी शब्द

(B) न्यूनतम व्यतिरेकी एकाइ

(C) न्यूनतम वाक्यात्मक एकाइ

(D) लघुतम युग्म

**4.** कस्तो ध्वनिमा तात्पर्यको अविषय हुन्छ ?

(A) अविवक्षितवाच्य

(B) कवि निबद्धप्रौढोक्तिसिद्ध

(C) असंलक्ष्यक्रमव्यङ्ग्य

(D) संलक्ष्य क्रमव्यङ्ग्य

**5.** धातुमा कुन प्रत्यय लाग्दा नेपाली क्रियापदको पूर्वकालिक रूप बन्दछ ?

(A) -एँ, -यो (B) -दा, -दै

(C) -ला, -लान् (D) -ई, -एर

**6.** 'भाषा व्यवस्थाहरुको व्यवस्था हो ।' – यो मान्यता कुन भाषाविज्ञान सम्प्रदायले व्यक्त गरेको हो ?

(A) मस्को लिङ्ग्विस्टिक सर्कल

(B) सर्कल लिङ्ग्विस्तिक दि प्राहा

(C) सर्कल लिङ्ग्विस्तिक दि कोपेनहेगन

(D) जेनेभा सम्प्रदाय

**7.** वाङ्मयका स्वभावोक्तिमूलक र वक्रोक्तिमूलक गरी दुईवटा मुख्य भेद हुन्छन् भन्ने आचार्य को हुन् ?

(A) दण्डी (B) भामह

(C) रुद्रट (D) कुन्तक

**8.** 'हरेराम पार्टी' शीर्षक निबन्धका लेखक को हुन् ?

(A) भैरव अर्याल

(B) सानुभाइ शर्मा

(C) लक्ष्मीप्रसाद देवकोटा

(D) मोहनराज शर्मा

9. दुष्यन्त-शकुन्तलाको प्रेमाख्यानको मूल स्रोत कुन हो ?
(A) रामायण
(B) महाभारत
(C) पद्मपुराण
(D) अभिज्ञानशाकुन्तलम्

10. कथा, उपन्यास, महाकाव्य आदि घटनामूलक कृतिमा कुनै युद्ध, भल-पहिरो, किल्ला निर्माण आदि चाक्षुष घटनाको शाब्दिक वर्णनलाई के भनिन्छ ?
(A) पास्टिस (B) मेटालेप्सिस
(C) इकफ्रासिस (D) कार्निभालेस्क

11. नाट्याभिनयमा प्रयोग हुने गतिकीय तत्त्व भन्नाले के बुझिन्छ ?
(A) घटना विघटनको द्रुतता वा सुस्तता ।
(B) पात्र-पात्री मञ्चमा आउने-जाने क्रम ।
(C) पात्र-पात्रीका अङ्ग-सञ्चालन, मञ्चमा डुलफिर आदि ।
(D) सम्वाद प्रस्तुतिको गति ।

12. 'विभाव अनुभाव र व्यभिचारी भावका संयोगले मूल अनुकार्यमा रसको उत्पत्ति हुन्छ ।' – भरतमुनिको रस-सूत्रको यस्तो व्याख्या कुन सम्प्रदायले गरेको हो ?
(A) भुक्तिवादी
(B) अभिव्यक्तिवादी
(C) अनुमितिवादी
(D) उपचयवादी

13. 'मोटिफ' का आधारमा लोककथाको विश्लेषण र वर्गीकरण गर्ने पद्धतिको सर्वप्रथम प्रयोग कसले गरेको हो ?
(A) स्टिथ थम्पसन
(B) एन्टी अमाडुटियस आर्ने
(C) एलेन ड्चन्डस
(D) हान्स योर्ग उथर

14. 'कर्खा' भनेको के हो ?
(A) गाउँका बुढापाकाहरुले पन्चैबाजा सितै तरवार र खुकुरी नचाउँदै गर्ने नृत्य ।
(B) वीरहरुका प्रसङ्गमा गाइनेहरुले कथ्ने वर्णनात्मक लोककाव्य ।
(C) प्रत्येक चरणमा एघार अक्षर अमि पाँचौँ र छैटौँ चरणमा विराम हुने लोकगीत विशेष ।
(D) पहिलो चरण छ अक्षर अनि दोस्रो सात अक्षरको हुने नेपाली लोकगीतको एउटा प्रकार ।

15. लेनिनले 'रसियाली क्रान्तिका दर्पण' – को उपाधि कसलाई दिए ?
(A) फ्योदोर दस्तोएवस्की
(B) लियो टल्सटय
(C) अलेकजान्डर पुस्किन
(D) म्याक्सिम गोर्की

16. तल समूह-'क' का कुन कुन कृति समूह-'ख'मा उल्लेख गरिएकां कुन कुन स्रोतबाट नेपालीमा अनुवाद गरिएका हुन् ?

| **समूह – 'क'** | | **समूह – 'ख'** |
|---|---|---|
| (क) अबोला मैयाँको कथा | (i) | बङ्गला |
| (ख) वीरसिक्का | (ii) | अङ्ग्रेजी |
| (ग) हृदयपरीक्षा | (iii) | अरबी-फारसी-उर्दू |
| (घ) पारे धर्तीको पुरुषार्थ | (iv) | संस्कृत |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (ii) | (i) | (iii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

17. शिवजी र सतीदेवीको प्रेमको पौराणिक कथाकै समान्तर समले रचना गरेको नारी-पुरुष प्रेमको काल्पनिक कथामा केन्द्रित नाटक कुन हो ?

(A) स्वास्नीमान्छे

(B) ऊ मरेकी छैन

(C) म

(D) अमित वासना

18. 'कविको मुख्य उद्देश्य सटीक, निर्दिष्ट र सम्यक् वर्णन गर्नु हो ?' – भन्ने मत कसको हो ?

(A) टि.एस. इलियट

(B) आई.ए. रिचर्ड्स

(C) जोह्न क्रो न्यान्सम

(D) म्याथ्यु आर्नोल्ड

19. "पुरुष स्वभावले नै शासक हुन्छ । त्यसको स्थिति नै आरोहणको छ; त्यसैले निरन्तर आरुढ भएको पाउनुपर्छ आफूलाई ।" – यो कुरा कसले भनेको हो ?

(A) 'सुम्निमा' – मा सुम्निमाले

(B) 'शिरीषको फूल' – मा सकमबरीले

(C) 'तीन घुम्ती' – मा इन्द्रमायाले

(D) 'अनुराधा' – मा अनुराधाले

20. आधुनिक विधा-सिद्धान्तको विकासमा विशेष योगदान कसले दिएको छ ?

(A) सिकागो मण्डली

(B) अमेरिकेली नवआलोचना

(C) रसियाली रूपवाद

(D) उत्तरआधुनिकतावाद

21. यीमध्ये कुनचाहिं नेपाली शोकगीतको एउटा प्रकार हो ?

(A) करात (B) गौरा

(C) पडेली (D) सराएँ

22. "उही किसिमले विकास हुन दिएको भए देवकोटाको ......... समको 'प्रह्लाद'को कशिपुझैँ मूल पात्र बन्नपुग्ने थियो ।" – यस वाक्यमा रहेको खाली ठाउँमा तलका मध्ये कुनचाहिँ नाउँ राख्नु उपयुक्त हुन्छ ?

(A) महाराणा प्रताप

(B) प्रमिथस

(C) शत्रुमर्दन

(D) दुष्यन्त

23. "विनयी विजयी राम-समान यस लोकमा ठहरिन्छन् उनै एक, पाइन्न अरु खोजमा ।" – यस श्लोकमा कुन अलङ्कार पाइन्छ ?

(A) काव्यलिङ्ग

(B) निदर्शना

(C) परिसङ्ख्या

(D) अनन्वय

24. "गरीब भन्छौ सुखको मझैँ धनी
मिल्दैन संसारभरी कतै पनि ।
विलासको लालस-दासछैन म,
मिठो छ मेरो रसिलो परिश्रम ।।"
– यस पद्यमा कुन छन्दको प्रयोग भएको छ ?

(A) वियोगिनी

(B) वंशस्थ

(C) शालिनी

(D) मन्दाकिनी

25. बङ्किमचन्द्र चट्टोपाध्याय कृत दुर्गेशनन्दिनी को नेपाली अनुवाद कसले गरेको हो ?

(A) शिवप्रसाद थापा

(B) इन्द्र सुन्दास

(C) ओकिउयामा ग्वाइन

(D) ऋद्धिबहादुर मल्ल

26. एज्रा पाउन्डले ‘इमेजिस्ट मेनिफेटो’ – मा बिम्बवादका तीनवटा आदर्श देखाएका छन् । ती कुन कुन हुन् ?

(i) वस्तुको प्रत्यक्ष वर्णन ।

(ii) अनावश्यक शब्दको पूर्ण बहिष्कार ।

(iii) साङ्गीतिक वाक्यांशको प्रयोग ।

(iv) प्राकृतिक परिवर्तनशीलताको मूर्त्तीकरण ।

(A) (i), (iii), (iv)

(B) (ii), (iii), (iv)

(C) (i), (ii), (iii)

(D) (i), (ii), (iv)

27. क्षेत्रीय भाषिकाको सर्वेक्षण गर्नुपर्दा उत्तम सूचकका लक्षण के के हुन् ?

(A) अशिक्षित, स्वस्थ, युवक वा युवती

(B) अशिक्षित, स्वस्थ, जतिसुकै उमेरको पुरुष

(C) धेरै डुलफिर नगर्ने, मध्यवयस वा त्यसमन्दा माथिको ग्रामीण पुरुष

(D) एकै ठाउँ बसिरहने, अनपढ, स्वस्थ, जुनसुकै उमेरको, जुनसुकै लिङ्गको व्यक्ति

28. ‘तिताको पातै नछोऊँ, मिठाको जरै नछोडूँ ।’ – यस लोकोक्तिमा प्रयुक्त ‘तिता’ र ‘मिठा’ शब्द प्रकार्यका दृष्टिले कुन वर्गमा पर्दछन् ?

(A) भाववाचक संज्ञा

(B) गुणवाचक विशेषण

(C) भेदक विशेषण

(D) जातिवाचक संज्ञा

29. कुन भाषाका भाषिकालाई उच्च, मध्य र निम्न भनेर वर्गीकरण गरिएको छ ?

(A) अङ्ग्रेजी (B) रसियाली

(C) जर्मन (D) फ्रान्सेली

30. विनिर्माणवादी लेखनमा प्रयोग गरिएको ‘ब्रिकोलाज’ शब्दको अर्थ के हो ?

(A) शब्दको कुनै निश्चित अर्थ हुँदैन ।

(B) निरन्तर नूतन विचारहरुलाई अभिव्यक्ति दिन मान्छेले भाषालाई तन्काउँदै लैजान्छ ।

(C) अर्थ पाठमित्र होइन, पन्नाको उपान्तमा हुन्छ ।

(D) मान्छेले आफ्ना अनुभूतिहरू द्विचरविरोधहरुका भरमा सङ्गठन गर्दछ ।

31. “तिमी छँदा म-न-यो धमिलो भयो

तिमी गयौ म-न-यो धमिलो भयो ।” – यस श्लोकमा कस्तो वक्रोक्ति पाइन्छ ?

(A) प्रकरणवक्रता

(B) वर्णविन्यास वक्रता

(C) पदपूर्वार्द्ध वक्रता

(D) पदपरार्द्धवक्रता

32. वाक् र अर्थको सम्पृक्ततालाई शिव र पार्वतीको सम्बन्ध सरह अविच्छेद्य मान्ने को हुन् ?

(A) भर्तृहरि

(B) पाणिनि

(C) अश्वघोष

(D) कालिदास

33. क्रियापदको रूपकरण हो कि अकरण सो खुट्याउने अभिलक्षणलाई के भनिन्छ ?

(A) विभेदक अभिलक्षण

(B) रञ्जकता

(C) ध्रुवीयता

(D) संयुज्यता

**34.** "समालोचकको जङ्गली आक्रमणले उनको भावुक हृदयमा नराम्रो दख्खल पहुँचायो भन्नु अत्युक्ति हुँदैन ........ तर उनी समालोचनाको चोटले मरे भन्नु भूल हो ।" – यो कुरा कुन साहित्यकारका सन्दर्भमा भनिएको हो ?

(A) रसियाली कवि अलेक्जान्डर पुस्किन

(B) हिन्दी कवि धूमिल

(C) बङ्ला कवि सुकान्त

(D) अङ्ग्रेजी कवि जोह्न किट्स

**35.** "रिस मत्थर भइसकेको खोला ।
माछाहरू प्रेम-क्रीडामा सल्बलाउन थालेको बगरमा
सपनाका केही काँस फूलहरू" –
यस कवितांशमा अभिव्यञ्जित काल वा याम कुन हो ?

(A) हेमन्त (B) शरद

(C) शिशिर (D) वसन्त

**36.** विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेत भैरवी' कथाकी मूल नारी पात्रको व्यक्तित्व निर्माण गर्न कथाकारले लिएका तीनवटा आधारभूत कुश मध्ये कोशी नदी र भयकी देवी भैरवी दुईवटा हुन् भने तेस्रो तत्त्वचाहिँ कुन हो ?

(A) श्मसानमा हाड चबाउने कालो थुतुने कुकुर ।

(B) छातीमा सिङ हुने किचकन्या ।

(C) मधेसमा चल्ने चैते हुरीको उग्र रूप ।

(D) लेलहापुत्री फगुनी ।

**37.** समालोचकहरु साहित्यिक कृतिको विवेचना गर्दा दुई थरीका हेत्वाभासका सिकार हुनसक्छन् भनेर नवआलोचक विलियम के. विम्साट र मोनरो सी वियर्ड्सलीले कुन कुन दुई थोकको कुरा गरेका हुन् ?

(A) यथार्थ र मौलिकता

(B) अभिप्राय र प्रभाव

(C) कलात्मकता र अकलात्मकता

(D) शास्त्रीयता र लौकिकता

**38.** "उत्तरआधुनिकता पूँजीवादको पछिल्लो चरणसँग जोडिएको छ" भन्ने भनाइ कसको हो ?

(A) जाक देरिदा

(B) ज्याँ बौद्रिला

(C) हेलेन सिक्सु

(D) फ्रेडरिक जेमसन

**39.** "आकासका कुना कुना बादलको घेरो
धन राजाको ज्यू कालको माया तेरो मेरो"
– यो श्लोक लोक गीतको कुन भेदको नमुना हो ?

(A) रसिया (B) देउडा

(C) सैरेली (D) रोइला

**40.** "कहाँ कहाँका सहरभरिका बदमासहरुले ताके भन्दैमा मैले के बिराएँ र ? 'लौ मलाई हेर' भन्न गएको पनि त छैन मैले ।" – यसो भन्ने को हो ?

(A) 'शिरीषको फूल' – मा सकमबरी ।

(B) 'नरेन्द्र दाइ' – मा गौरी ।

(C) 'पल्लो घरको झ्याल' – मा मिसरी ।

(D) 'कुमारी शोभा' – मा शोभा ।

**41.** तुलनात्मक भाषाविज्ञानीहरुले गरेको खोजीअनुसार तलका मध्ये कुनचाहिँ शब्द द्रविडबाट संस्कृत हुँदै नेपालीमा तद्भव रूपमा आएको हो ?

(A) कानो

(B) अन्धा

(C) छुद्री

(D) कपास

**42.** ध्वनि र वर्णलाई बेग्लाबेग्लै भाषिक एकाइका रूपमा चिनाउने प्रयासमा 'फोनिम' शब्दको सर्वप्रथम प्रयोग कसले गरेका हुन् ?

(A) फर्दिनान्द दि सस्युर

(B) बदोईँ दि कुर्तिने

(C) एन.एस. त्रुबेत्स्कोय

(D) रोमन याकोब्सन

43. "मलाई असामाजिक ठान्नेहरुले
मलाई एकल्काँटे भन्नेहरुले
मेरो एकान्तप्रियताको रिपल्ली उडाउनेहरुले
मेरो घरमा भेला भएर सामाजिकता निर्वाह गर्नेछन्"
– यस कवितांशमा कविले कुन स्थितिको कुरा गरेका हुन् ?
(A) जन्मोत्सव
(B) पुरस्कार र अभिनन्दन
(C) अवसान-प्रसङ्ग
(D) विवाहोपलक्ष्य

44. "म पसिना निस्कुन्जेल कविता लेख्तिनँ । म कविता त्यति बेला लेख्छु जब कविता स्वयम् एउटा आकृति मागिरहेको हुन्छ ।" – यसो भन्ने कवि को हुन् ?
(A) राजेन्द्र भण्डारी
(B) वैरागी काइँला
(C) अविनाश श्रेष्ठ
(D) नोर्जाङ स्याङदेन

45. "लेखक बन्ने साहस मैले कहिलै गर्न सकिनँ । कारण, लेखक मेरो नजरमा देवता हो, देवकोटा हो ।" – यसो भन्ने साहित्यकार को हुन् ?
(A) राजनारायण प्रधान
(B) शङ्कर लामिछाने
(C) कमलमणि दीक्षित
(D) दानियल खालिङ

46. "केराको पातमा काँपेको बत्ती दैलाको ठेलामा
पर्देशबाट म फर्की आएँ ए ! कस्तो बेलामा !"
– यी पङ्क्तिका रचनाकार को हुन् ?
(A) अगमसिंह गिरी
(B) माधवप्रसाद घिमिरे
(C) लक्ष्मीप्रसाद देवकोटा
(D) धर्मराज थापा

47. "हामीलाई यहाँ बाँच्नलाई एउटा क्रम भए पुग्छ, एउटा अभ्यस्तता भए पुग्छ ।" – यो भनाइ कसको रचनाबाट लिइएको हो ?
(A) भूपि शेरचन
(B) अगमसिंह गिरी
(C) इन्द्रबहादुर राई
(D) पारिजात

48. "गुलाफको लगाएर विधिले लालमोहर
दिएको हो कि वा बाग भृङ्गकै भोग खातिर ।"
– यस श्लोकमा कविले कुन ऋतुको वर्णन गरेका छन् ?
(A) वर्षा
(B) वसन्त
(C) शरद्
(D) ग्रीष्म

49. "भाइहरुसँग लडीकन कौरवादि
सम्पूर्णको हुनगयो जहिले समाधि
दाज्यै उसै दिन टुट्यो जड एकताको ......"
– यस कवितांशमा 'दाज्यै' भनेर कसले कसलाई सम्बोधन गरेको हो ?
(A) लक्ष्मणले रामलाई
(B) कलिले सत्यलाई
(C) पापले धर्मलाई
(D) सत्यले कलिलाई

50. कस्तो काव्यदोषलाई च्यूतसंस्कृतिदोष भनिएको छ ?
(A) जातीय संस्कृतिको विपरीत कुरा लेखिएको ।
(B) शास्त्रीय मान्यताका विपरित छन्द, रस आदिको प्रयोगमा हुने दोष ।
(C) व्याकरणका नियमको उल्लङ्घन गरिँदा हुने दोष ।
(D) ग्रामीण र अभद्र उक्तिको प्रयोग ।

**Space For Rough Work**